# सूचना

यस बर्षको बडादशैं तिहार र छठ पर्वमा काठमाण्डौ उपत्यकाबाट बाहिर जाने र बाहिरका जिल्लाहरुबाट काठमाण्डौ उपत्यकामा प्रवेश गर्ने यात्रुहरुको यात्रालाई सहज र सुरक्षित बनाउनको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग, सडक विभाग, नेपाल प्रहरी, ट्राफिक प्रहरी, यातायात व्यवसायी, उपभोक्ता सम्बद्ध संस्था, ल्होत्से बहुउद्देशीय प्रा. लि., NADA/सिप्रदी समेतका सरोकारवालहरुसंग मिति २०८१ असोज ०८ गते बसेको बैठकबाट देहाय बमोजिमका निर्णयहरु भएकोले निर्णय कार्यान्वयनमा सहयोग गर्न एवं जानकारीका लागि सबै सरोकारवालाहरुसँग यातायात व्यवस्था विभाग अनुरोध एवं अपेक्षा गर्दछ।

निर्णयहरु:-

१. चाडपर्वलाई लक्षित गरी यातायात व्यवस्थापनमा सहजता ल्याउनको लागि सार्वजनिक यातायात सेवा प्रदायकहरुले मध्यम तथा लामो दूरीका सार्वजनिक यातायातमा २०८१ साल असोज १२ गते शनिबार देखि अग्रिम टिकट बुकिङ खुला गर्ने।

२. यातायात व्यवसायीहरूले अग्रिम टिकट बुकिङ गर्दा यथाशक्य अनलाइन बुकिङ गर्ने व्यवस्था मिलाउने।

३. अग्रिम टिकट बुकिङ्ग तथा उपत्यकाबाट बाहिरिने र उपत्यकामा भित्रिने यात्रुवाहक सवारी साधनको यातायात व्यवस्था विभाग, नेपाल प्रहरी, ट्राफिक प्रहरी, ल्होत्से बहुउद्देशय प्रा. लि., उपभोक्ता सम्बद्ध संस्थासँग सहकार्य गरी प्रभावकारी अनुगमन गर्ने/गराउने र यात्रु समेत सवारीमा मादक पदार्थ सेवन गरी यात्रा गर्न नहुने।

४. सार्वजनिक सवारीमा यात्रा गर्दा यात्रुले अनिवार्य रुपमा टिकट लिएर मात्र यात्रा गर्ने र टिकट काउन्टरबाट यात्रुको परिचय खुल्ने विवरण सहितको चलानी लिएर मात्र सवारी सञ्चालन गर्नुपर्ने।

५. सवारी चालकले यात्रुलाई खाना/खाजा खुवाउने स्थानमा भिडभाड नहुने गरी व्यवस्था गर्ने/गराउने।

६. अनधिकृत काउन्टर, परिचय पत्र, पोशाक नभएका व्यक्तिहरुबाट टिकट बिक्री गर्ने कार्यलाई पूर्णतयाः नियन्त्रण गर्ने/गराउने।

७. मुख्य सडकलाई मर्मत/संभार गरी यातायात सञ्चालनलाई सहज बनाउन सम्बन्धित निकायलाई अनुरोध गरी पठाउने।

८. यात्रुलाई आवश्यक सवारी साधनहरुको व्यवस्था यातायात व्यवसायीले गर्ने/गराउने।

९. यातायात आवागमन सहज बनाउन खाद्यान्न लगायतका अत्यावश्यक वस्तुहरुको ढुवानी गर्ने बाहेकका ट्रेलर लगायतका ठूला सवारी साधनहरु २०८१ साल आश्विन १७ गते घटस्थापनादेखि कार्तिक ०१ गते पुर्णिमासम्म नारायणघाटदेखि काठमाडौसम्म सञ्चालन गर्न रोक लगाउने तथापी प्रचलित कानुन बमोजिम आयातित मालबाहक सवारीको हकमा भन्सार प्रज्ञापन पत्र र निर्यातित मालबाहक सवारीको हकमा नियम अनुसारको राजश्व तिरेको रसिद हेरी तेस्रो मुलुकका आयात/निर्यात जन्य ढुवानीका साधनहरु भन्सार कार्यालय बन्द रहने अवधि बाहेक नारायणगढ देखि काठमाडौंसम्मको सडक खण्डमा आवतजावतमा रोक नलगाउने।

१०. यात्रुवाहक सवारी साधनलाई घटस्थापनादेखि पूर्णिमासम्म नेपालभर लागू हुने गरी रुट परमिट खुला गर्ने। तर कुनै बाटोको विशेष प्रकृतिका कारण सो बाटोमा चल्न निषेध गरिएका आकार-प्रकारका सार्वजनिक सवारीहरुलाई भने सो बन्देज कायमै रहने।

११. उपत्यकामा भित्रीने र वाहिरिने प्रमुख स्थान लगायत देशभर मा.प.से र ला.प.से गर्ने सवारी चालकको स्वास्थ्य अवस्थाको बारेमा चेक जाँच गर्ने/गराउने। सवारी चालकले मा.प.से र ला.प.से गरेको पाईएमा निजको सट्टा व्यवसायीले अर्को चालकको व्यवस्था गर्ने।

१२. लामो दुरीका यात्रीवाहक सवारी साधनहरु गन्तव्यतर्फ प्रस्थान गर्नु अघि अनिवार्य रुपमा सवारीको यान्त्रिक अवस्था लगायतको चेकजाँच गर्ने।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाण्डौं

१३. लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्री बाहक सर्वजनिक सवारीमा कमतिमा दुई जना चालक अनिवार्य रुपमा राखी आलो पालो सवारी चलाउने व्यवस्था यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले मिलाउन सोको अनुगमन नेपाल प्रहरीले गर्ने।

१४. १८ वर्ष उमेर पुरा नभएका नाबालकलाई परिचालकको काममा नलगाउने।

१५. चाडपर्वको समय नजिकिदै गरेको अवस्थामा यात्रुबाहक सवारी यातायातको चाप अत्याधिक बढ्न गई सडक दुर्घटना समेत बढ्न सक्ने जोखिमलाई मध्येनजर गरी प्रभावकारी अनुगमन एवं निगरानिको व्यवस्था मिलाउने।

१६. दशैं, तिहार र छठ पर्वमा काठमाण्डौं उपत्यकाबाट बाहिर जाने र उपत्यका भित्रिने यात्रुहरुलाई सहजिकरण गर्न उपत्यकाको नागढुङ्गा, कलंकी, स्वयम्भु, हलचोक, माछापोखरी, नयाँबसपार्क, चावहिल, तिलगंगा, कोटेश्वर, जगाति, सातदोबाटो, बल्खु, दक्षिणकाली, सुन्धारा तथा काभ्रेको साँगामा सिप्रदी/नाडाको सहयोग र काठमाडौं महानगरपालिकाको सहकार्यमा नागरिक सहायता कक्ष स्थापना गर्ने।

१७. चाडपर्व अवधिभर अनुगमनकार्यको लागि यातायात व्यवस्था विभागले सराकारवाला निकाय सम्मिलित अनुगमन टोली गठन गर्ने। उक्त कार्यका लागि प्रदेशको यातायात मन्त्रालयको समेत सहयोग लिने।

१८. चाडपर्व लक्षित सवारी साधन व्यवस्थापन गर्ने सिलसिलामा सडकको अवस्था र प्राकृतिक प्रकोप जस्ता कारणले कावु बाहिरको परिस्थिति सिर्जना भई समयमा सवारी साधन पुग्न नसकेको अवस्थामा विकल्पको रुपमा सम्बन्धित यातायात कम्पनी (व्यवसायी) ले अर्को सवारी साधन उपलबध गराउने र यस विषयलाई सहजिकरण गर्न नेपाल प्रहरी, ट्राफिक प्रहरी, सडक विभाग, यातायात व्यवस्था विभाग, यातायात व्यवसायी, उपभोक्ता सम्बद्ध संस्था, ल्होत्से बहुउद्देशय प्रा. लि. सम्मिलित सहजिकरण समिति गठन गर्ने तथा उक्त समितिमा रहने पदाधिकारीको नाम र सम्पर्क नम्बर नेपाल प्रहरी प्रधान कार्यालयको कमाण्ड सेन्टरमा उपलब्ध गराउने।

१९. लामो तथा मध्यम दुरीमा संचालन हुने यात्रुवाहक सवारी साधनले आफ्नो तोकिएको पालो (क्यु) मा संचालन गर्नुपर्ने छ। क्युमा संचालन नगरी रिजर्भमा जान पाइने छैन।

२०. सम्बन्धित गन्तव्य जिल्लाका प्रमुख जिल्ला अधिकारी/जिल्ला प्रशासन कार्यालयमा उपरोक्त निर्णय कार्यान्वयन गर्न गृह मन्त्रालय मार्फत अनुरोध गर्ने।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाण्डौं

ईश्वरी दत्त पनेरु
निर्देशक/प्रवक्ता
यातायात व्यवस्था विभाग